REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs

Date:26.11.2025

---

## ***नेपाली सहित नौ भाषामा संविधानको अनुवादित संस्करण***

राष्ट्रपति द्रौपदी मुमुले आज नेपाली, बोडो, आसामी, मलयालम, उडिया, मराठी, पञ्जाबी, कश्मीरी र तेलुगु लगायत नौ भाषामा संविधानको अनुवादित संस्करणको विमोचन गर्नुभयो।

---

## ***सिक्किमले मनन केन्द्रमा संविधान दिवस मनायो***

सिक्किमले आज बिहान मनन केन्द्रमा मुख्यमन्त्री प्रेम सिंह तामाङको उपस्थितिमा भारतको संविधानको सम्मान गर्दै संविधान दिवस मनायो। श्री तामाङले प्रस्तावनाको वाचनको नेतृत्व गर्नुभयो र संविधान तथा यसका आदर्शहरूको बारेमा जनसमझलाई सुदृढ पार्ने उद्देश्यले गरिएका गतिविधिहरूमा भाग लिनुभयो। उहाँले नागरिकहरू, विशेष गरी युवाहरूलाई आफ्नो दैनिक जीवनमा संवैधानिक सिद्धान्तहरूलाई पालना गर्न र बलियो समावेशी समाज निर्माणमा योगदान दिन आग्रह गर्नुभयो।

---

## ***सिक्किमको बीएसआईमा सीबीसी र पीआईबी गान्तोकले संविधान दिवस मनायो***

पत्र सूचना कार्यालय, पीआईबी र केन्द्रीय सञ्चार ब्यूरो, सीबीसी गान्तोकले भारतीय वनस्पति सर्वेक्षण गान्तोक कार्यालय परिसरमा संविधान दिवस मनायो। त्यसपछि प्रस्तावना वाचन सत्र, सञ्चालन गरियो। सिक्किम विश्वविद्यालयकी सहायक प्राध्यापिक निहारिका बुरागोहैनले कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थिति जनाइन् जसमा पीआईबी, आकाशवाणी र दूरदर्शन केन्द्र गान्तोकका कर्मचारीहरूको उत्साहजनक सहभागिता देखियो। निहारिकाले सबैलाई यस दिनको बधाई दिँदै भनिन्...

---

## ***मुख्यमन्त्री विभिन्न विभागका प्रमुखहरूसँग तेस्रो राज्यस्तरीय समन्वय बैठकको अध्यक्षता गर्नुभयो***

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आज मनन केन्द्रमा विभिन्न विभागका प्रमुखहरू, उपसचिव र त्यो भन्दा माथिका पदका अधिकारीहरूसँग तेस्रो राज्यस्तरीय समन्वय बैठकको उद्घाटन दिनको अध्यक्षता गर्नुभयो। यो बैठकले विभागीय कार्यहरू, चुनौतीहरू र विशिष्ट आवश्यकताहरूको गहन समीक्षाको लागि महत्तवपूर्ण प्लेटफर्मको रूपमा समीक्षाको लागि महत्तवपूर्ण प्लेटफर्मको रूपमा काम गऱ्यो। श्री तामाङले भन्नुभयो व्यापक प्रस्तुतीकरण र छलफलहरू मार्फत, हामीले बहुमूल्य अन्तर्दृष्टि प्राप्त गर्यो जसले हामीलाई यी आवश्यक्ताहरूलाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्न सक्षम बनाउनेछ।

उहाँले थप भन्नुभयो सार्वजनिक सेवकको रूपमा, राज्यको विकास र यसका जनताको कल्याणको लागि अथक प्रयास गर्नु हाम्रो प्रमुख कर्तव्य हो।

---

## *आई सि आर तादोङमा ठूलो अलैची सम्बन्धी 33 औं वार्षिक अनुसन्धान परिषद् बैठक*

भारत सरकारको वाणिज्य तथा उद्योग मन्त्रालय अन्तर्गतको भारतीय अलैची अनुसन्धान संस्थान, क्षेत्रीय अनुसन्धान केन्द्र, मसला बोर्डले गान्तोकको तादोङमा ठूलो अलैची सम्बन्धी 33 औं वार्षिक अनुसन्धान परिषद् बैठक आयोजना गरेको थियो। बैठकको अध्यक्षता, मसला बोर्डका निर्देशक डा. ए. बी. रेमाश्रीले गर्नुभयो। एक दिनसम्म चलेको यस कार्यक्रमले वैज्ञानिक, शिक्षाविद् र प्रतिष्ठित व्यक्तिहरूलाई ठूलो अलैंची बालीको लागि चरिरहेको अनुसन्धानको समीक्षा गर्न, प्रगतिको मूल्याङ्कन गर्न र भविष्यका रणनीति र कार्यक्रमहरूको रूपरेखा बनाउन एकसाथ ल्याएको थियो।

---

## *भरत राईलाई सिक्किम अकादमी पुरस्कार*

सिक्किम अकादमीले आज परम्परागत बाँल कला श्रेणीमा बाँस कलाकार भरत राईलाई सिक्किम अकादमी पुरस्कार 2025 प्रदान गर्ने घोषणा गरेको छ। 55 वर्षीय भरत राई दक्षिण सिक्किमको रवाङला उप- डिभिजन अन्तर्गत तल्लो देयथाङका हुन्। पुरस्कार समारोह 8 डिसेम्बरमा सम्मान भवनमा आयोजना हुने तय भएको छ, जसमा मुख्यमन्त्री प्रेम सिंह तामाङ प्रमुख अतिथिको रूपमा उपस्थित हुनेछन्। सिक्किम अकादमीको वार्षिक पुरस्कारमा एक लाख पाँच हजार रूपैयाँ नगद पुरस्कार अनि ताम्रपत्र, शाल र प्रशंसापत्र रहेको छ। आज दिउँसो यहाँ आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै सिक्किम अकादमीका अध्यक्ष एसआर सुब्बाले भने कि हाम्रो मौलिकता, हाम्रो अस्तित्व को नारामा काम गरेर सिक्किम अकादमीले यस आधुनिक युगमा राज्यको संस्कृति, परम्परा र पहिचानको संरक्षण गर्न प्राखमिकताका साथ काम गरिरहेकोछ।

---

## *गभर्नर्स गोल्ड कप*

अल इन्डिया गभर्नर्स गोल्ड कप 2025 मा घरेलु टोली सिक्किम ड्रयागन एफसी र राजस्थान युनाइटेड एफसी बीच को पहिलो सेमिफाइनल खेलमा, राजस्थानले 3 गोल र सिक्किम ड्र्यागनले 2 गोल गरे। राजस्थान फाइनलमा पुगेको छ।

---

## *41 औं गभर्नर गोल्ड कप फाइनलको लागि सरकारले आधा दिन बिदा घोषणा गऱ्यो*

सिक्किम सरकारले 41 औं अखिल भारतीय गभर्नर गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता 2025 को भव्य समापनको लागि 29 नोभेम्बर, शनिबार आधा दिन बिदा घोषणा, गरेको छ। ओ विशेष पहलले बढ़ी जनसहभागितालाई प्रोत्साहित गर्दछ साथै खेलकुदलाई प्रवर्द्धन गर्न र सिक्किमको फुटबल संस्कृतिलाई सुदृढ़ पार्न राज्यको निरन्तर प्रतिबद्धतालाई पनि राज्यको निरन्तर प्रतिबद्धतालाई पनि प्रतिबिम्बित गर्दछ।

---